# वीरेकी आमा कथामा जातीय शक्तिसम्बन्ध

**गुरुप्रसाद पोखरेल**
उपप्राध्यापक, पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार, काठमाडौँ
gurupokharel@gmail.com

## सार

*प्रस्तुत लेखमा रमेश विकलको 'वीरेकी आमा' कथामा आधारित भई वर्णवादी समाजको माथिल्लो जात मानिने ब्राह्मण र तल्लो जात मानिने दलितबिचको श्रेणीक्रममा आधारित जातीय शक्तिसम्बन्ध देखाइएको छ । यस कथामा तत्कालीन नेपाली समाजको वर्णाश्रमयुक्त व्यवस्थामा आधारित कथित उच्च जातीय आर्थिक सम्बन्ध र त्यसका आडमा कथित निम्न जातिमाथि गरिएको विभेदजन्य तथा उत्पीडनकारी जातीय शक्तिसम्बन्ध प्रस्तुत गरिएको छ। सर्वेक्षण, सूक्ष्म पठन तथा पाठविश्लेषणको विधि प्रयोग गरी समग्रमा विश्लेषणात्मक विधिमार्फत सामान्यीकृत निष्कर्ष प्रस्तुत गरिएको यस अध्ययनमा सांस्कृतिक अध्ययनअन्तर्गत जातीय शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । सीमान्तीकृत समुदायको निम्न जातको कमजोर आर्थिक अवस्था देखाइएको यस कथामा ग्रामीण जीवनका निम्न जातीय समुदायका पीडा, दुःख र जीवनसङ्घर्षको प्रस्तुति छ । यसमा तत्कालीन समाजमा सामन्तवादी विमर्शात्मक संरचना क्रियाशील रहेका कारण उत्पादनका साधनमाथि उच्च जातीय/वर्गीय वर्चस्व कायम भएको छ र त्यसबाट निर्मित तथा प्रसारित ज्ञानका कारण जातीय शक्तिसम्बन्ध धमिलिई शत्रुतापूर्ण बनेको देखाइएको छ । तत्कालीन समाजमा उत्पादनका सबै साधनमाथि कथित उच्च जातको वर्चस्व रहेको हुनाले वितरण प्रणाली र सामाजिक प्रभुत्वमा पनि उच्च जात भनिएकाकै आधिपत्य स्थापित भएको देखाइएको यसमा जातीय विभेद, दमन र तत्कालीन समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाले कथित उच्च जातलाई शासक र निम्न जातलाई शासितको स्थान तय गरिदिएर वर्गीय दमन र शोषणका लागि आधार तयार पारेको देखाइएको छ । स्थानीय सत्तामा कथित उच्च जातकै वर्चस्व रहेको र केन्द्रीय सत्तासम्मको पहुँचसमेत उच्च जातकै भएका कारण श्रमको मूल्य निर्धारण, सामाजिक न्याय, श्रमको अतिरिक्त मूल्यको शोषण जस्ता कार्यमा कथित उच्च जातले छुट पाएको विषयवस्तु यस कथामा छ । तत्कालीन वर्णवादी समाजमा एउटा जातले अर्को जातमाथि गर्ने विभेद, शोषण, दमन र उत्पीडनको स्वरूपलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको यस अध्ययनमा सामन्तवादी/पुँजीवादी/वर्णवादी समाज र सामाजिक संरचना भएकै कारणले त्यस बेलाको विमर्शात्मक संरचना नै निम्न जातमाथि सत्ता र शक्तिको पहुँचका कारण शोषण गर्न क्रियाशील थियो भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** उत्पीडन, प्रभुत्व, वर्चस्व, विभेद, सामन्तवादी विमर्शात्मक संरचना

## १. विषयपरिचय

नेपाली समाजमा विद्यमान मानवीय समस्या र खराबीका कारणबाट मानिसहरूले भोग्नुपर्ने दुर्नियतिलाई यथार्थ रूपमा आफ्ना कथामा उतार्ने रमेश विकल (१९८५-२०६५) ले २००६ सालबाट 'गरिब' कथामार्फत कथायात्रा प्रारम्भ गरेका हुन् । *बिरानो देशमा* (२०१६), *नयाँ सडकको गीत* (२०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *एउटा बूढो भ्वाइलेन आशावरीको धूनमा* (२०२५), *उर्मिला भाउजू* (२०३५), *शव, सालिक र सहस्र बुद्ध* (२०४३), *हराएका कथाहरू* (२०५५) जस्ता

कथासङ्ग्रहका स्रष्टा विकलले उपन्यास, निबन्ध आदि विधामा कलम चलाए तापनि कथाविधाबाट नै प्रसिद्धि प्राप्त गरेका हुन्। 'वीरेकी आमा' विकलको *नयाँ सडकको गीत* (२०१९) कथासङ्ग्रहमा सङ्गृहीत छ। सामाजिक यथार्थवादी कथाकारका रूपमा समेत प्रख्यात विकलले प्रस्तुत कथामा तत्कालीन नेपाली समाजमा विद्यमान आर्थिक, राजनीतिक, सामाजिक, जातीय आदि विविध पाटा तथा समस्याको उद्घाटन गरेका छन्। विकलका कथाहरूको अन्य साहित्यिक मान्यताबाट अध्ययन गरिएको र गर्न सकिने भए तापनि यस लेखमा चाहिँ सांस्कृतिक अध्ययनको सिद्धान्त शक्तिसम्बन्धका आधारमा अध्ययन गरिएको छ।

कुनै पनि व्यक्तिको अस्तित्व नै उसको शक्ति हो। ज्ञान र सत्ताद्वारा व्यक्तिमा शक्तिको निर्माण हुन्छ। समाजमा शक्तिको प्रयोग प्रभुत्वशाली वर्गले आफ्नो वर्चस्व र प्रभुत्व कायम राख्नका लागि गर्दछ। सामाजिक संरचनामा शक्तिको केन्द्र व्यक्ति, जाति, समुदाय, लिङ्ग, वर्ग तथा राष्ट्रसमेत हुने गर्दछ। मानिसमा निहित शक्ति दमनकारी मात्र नभएर सिर्जनात्मक पनि हुन्छ। शक्तिले नै सत्यको निर्माण गर्छ र ज्ञान नै शक्ति बन्दछ। शक्ति समय, स्थान र परिस्थितिअनुसार परिवर्तन हुन्छ। यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुने गर्छ। शक्ति कठोर र निष्ठुर पनि हुन्छ। समाजमा नयाँ नयाँ शक्तिको जन्म हुन्छ। नेपाली समाजमा पनि वर्गीय तथा जातीय जस्ता विभिन्न प्रकारका शक्तिहरू रहँदै आएका छन्। तीमध्ये शक्तिलाई व्यक्तिगत, जातिगत, वर्गगत, लिङ्गगत आदिका आधारमा विश्लेषण गरिन्छ। शक्तिकै केन्द्रका आधारमा समाजमा उच्च र शक्तिशाली वर्ग/जातले निम्न र कमजोर वर्ग/जातलाई उपेक्षा र अपहेलना गरेको देखिन्छ। जातीय शक्तिसम्बन्धले कृतिमा प्रस्तुत पुरुष र महिलाको जातीय सम्बन्ध, उच्च जात र निम्न जातको मित्रतापूर्ण र शत्रुतापूर्ण सम्बन्धको खोजी गर्दछ। यसले सामाजिक संरचनामा उच्च वर्ग/जात र निम्न वर्ग/जातको प्रतिनिधित्व तथा निम्न वर्ग/ जातिप्रति उच्च वर्ग/ जातिद्वारा हुने उत्पीडनकारी, प्रभुत्वशाली र दमनकारी सम्बन्धको अवस्था देखाउँछ। यसले कुनै पनि कृतिभित्र निम्न जातिका मानिसको मानसिक, शारीरिक, भौतिक क्रियाकलाप तथा अनुभूतिको प्रस्तुति भएको छ कि छैन भन्ने कुराको खोजी र विश्लेषण गर्दछ। प्रस्तुत लेखमा शक्तिसम्बन्धसम्बन्धी ग्राम्ची, फुको, मिल्स तथा लुक्सका अवधारणाहरूलाई मुख्य आधार बनाई विकलको *नयाँ सडकको गीत* कथासङ्ग्रहमा रहेको 'वीरेकी आमा' कथालाई सोद्देश्य नमुना छनोट गरी जातीय शक्तिसम्बन्धका आधारमा विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

रमेश विकलको *नयाँ सडकको गीत* (२०१९) कथासङ्ग्रहमा सङ्गृहीत 'वीरेकी आमा' कथामा निहित जातीय शक्तिसम्बन्धलाई ठम्याउनु नै प्रस्तुत अध्ययनको मुख्य विषय हो। प्रस्तुत अध्ययन साहित्यिक र गुणात्मक भएकाले त्यसका लागि पुस्तकालयीय कार्यद्वारा अध्ययन गरिएको छ। सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका छन्। त्यसमध्ये विकलको कथा 'वीरेकी आमा' प्राथमिक सामग्रीका रूपमा र शक्तिसम्बन्धसम्बन्धी सैद्धान्तिक मान्यतालाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। प्रस्तुत अध्ययनका लागि सङ्कलित सामग्रीको पाठ विश्लेषण गर्ने सैद्धान्तिक पर्याधार सांस्कृतिक अध्ययनअन्तर्गत समेटिने शक्तिसम्बन्धसम्बन्धी ग्राम्चीको बल प्रयोग नगरी पनि समाजभित्रका विभिन्न समुदाय तथा वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ भन्ने, फुकोको विमर्श, ज्ञान र शक्तिबाट नै शक्तिसम्बन्ध प्रस्तुत हुन्छ भन्ने, मिल्सको कुलीनहरूको शक्ति संरचना र लुक्सको निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति र वैचारिक शक्तिसम्बन्धी मान्यताअन्तर्गत शक्तिसम्बन्धको अवधारणा प्रस्तुत भएको देखिन्छ। शक्तिसम्बन्धअन्तर्गत राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली

उत्पीडनकारी उच्च जातको भनिएकाले निम्न जातका भनिएका निरीह जनतामाथि दमन र उत्पीडन गर्ने काम गर्छ । यसै सैद्धान्तिक अवधारणाका आधारमा निगमनात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसको अर्थापन गरिएको छ । समग्रतः यस लेखमा शक्तिसम्बन्धसम्बन्धी मान्यताका आधारमा विकलको 'वीरेकी आमा' कथालाई सोद्देश्य नमुना छनोट गरी जातीय शक्तिसम्बन्धका आधारमा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

समाजमा रहेका वर्ग, जाति, लिङ्ग, धर्म, संस्कृति तथा क्षेत्रीयताबीचको शक्तिको सम्बन्ध र सन्तुलन नै शक्तिसम्बन्ध हो। ग्राम्चीको बल प्रयोग नगरी पनि समाजभित्रका विभिन्न समुदाय तथा वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ भन्ने प्रभुत्वसम्बन्धी, फुकोको  विमर्श, ज्ञान र शक्तिबाट नै शक्तिसम्बन्ध प्रस्तुत हुन्छ भन्ने शक्तिसम्बन्धसम्बन्धी, मिल्सको कुलीनहरूको शक्ति संरचनासम्बन्धी र लुक्सको शक्तिका तीन आयाम निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति र वैचारिक शक्तिसम्बन्धी मान्यताअन्तर्गत शक्तिसम्बन्धको अवधारणा प्रस्तुत भएको देखिन्छ ।

ग्राम्चीका अनुसार शासक वर्गले निम्न वर्गमाथि दमनकारी प्रभुत्व स्थापना गरी शासन गर्छ । प्रभुत्वले विचारधारामार्फत आफूअनुकूल संस्कार र चेतना निर्माण गरी मानिसमा आलोचनात्मक चेतना समाप्त पार्छ र उसले आफूमाथिको उत्पीडन तथा राज्यको शासनप्रणालीको दमनात्मक स्वरूपलाई वैधता प्रदान गर्छ (गिरी, २०७०, पृ. ३०) । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा बौद्धिकमध्ये कुनै पनि विचारधाराका माध्यमबाट शक्तिशाली शासक वर्गले निम्न वर्गका जनतामाथि दमन गर्ने काम गर्छ भन्ने दृष्टिकोण नै ग्राम्चीको वर्चस्वसम्बन्धी मान्यता हो । प्रभुत्व त्यति बेला प्राप्त हुन्छ जब उच्च वर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्दछन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउट साझा मान्यताको विकास गरिन्छ (पाण्डेय, २०७३, पृ. ६४) । ग्राम्चीका दृष्टिमा सहमतिले नागरिक समाजलाई सङ्गठित बनाउँछ र बल प्रयोगले राजनीतिक शक्तिलाई उत्तरदायी बनाउँछ । मानवीय दमनको मूल स्रोत नेतृत्वमा हुने र राजनीतिक वर्चस्वको मूल स्रोतका रूपमा सरकार हुने हुँदा सत्ताधारी वर्गले आफ्नो सत्तास्वार्थकै लागि पनि राजनीतिक नेतृत्वका रूपमा वर्चस्वको अभ्यास गर्ने गर्दछ । ग्राम्चीका अनुसार "वर्ग दमनका दुई तरिका छन्, ती हुन् : सहमतीय र दमनकारी । यसको नेतृत्व सत्ताधारी वर्गले गर्दछ र प्रतिद्वन्द्वी वर्गमाथि दमन गर्दछ" (Gramsci, 1998, p. 57-58) । यसरी शासक वर्गले शासित वर्गमाथि कसरी आफ्नो नियन्त्रण कायम गर्छ र वर्चस्व स्थापना गर्छ भन्ने व्याख्या नै ग्राम्चीको मूल मान्यता हो । शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र विशेष गरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैन, त्यसका लागि उसले सहमतिका आधारहरू तयार पार्छ र सहमतिबाटै वर्गीय दमनलाई स्थिर र प्रभावकारी बनाउँछ भन्ने धारणा ग्राम्चीको छ (भट्टराई, २०७०, पृ. ३४४) । नजानिँदो तर सहमतीय ढङ्गबाट भित्रभित्रै शक्तिशाली शासकवर्गले गरिब जनतामाथि दमनकारी र शोषणजन्य शासन गरिरहने तथ्यलाई उनले प्रस्तुत गरेका छन् । ग्राम्चीका अनुसार प्रभुत्व एक किसिमको मानसिक दासता हो, जो मूलतः सत्तानिर्मित सांस्कृतिक संस्थाहरू र तिनका सम्प्रेषक वर्गहरूबाट प्राप्त हुन्छ (गिरी, २०७०, पृ. ३३) । यसरी ग्राम्चीका अनुसार शक्तिशाली समूहले कमजोर र निमुखामाथि आफ्नो शासनसत्ताको प्रभुत्व कायमै राख्नका लागि बलको मात्र प्रयोग गर्दैनन्, सहमतिमार्फत पनि प्रभुत्व निर्माण र प्रयोग गर्छन् । उच्च वर्गले आफ्नो हैकम/प्रभुत्वलाई बल र सहमति दुवैको प्रयोगबाट कमजोर र निरीह वर्गमाथि आफ्नो वर्चस्व कायम गरिरहन्छ (श्रेष्ठ २०६८, पृ. ४०) । यसरी शासक वर्गले पछाडि परेका/पारिएका समुदायको दमनका लागि कसरी नियम निर्माण गर्छन् र सांस्कृतिक मूल्य-मान्यताले कसरी आफ्नो वर्गको हितको रक्षा गर्छन् भन्ने कुरा नै प्रभुत्वको केन्द्रीय विषय बनेको देखिन्छ । उसले उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक, धार्मिक, सांस्कृतिक रूपमा नै

बढी जोड दिएको हुन्छ (चैतन्य, २०७०, पृ. १५८-५९) । यसरी हेर्दा सामन्तवादी सामाजिक संरचना विद्यमान भएको समाजमा उच्च वर्गको निम्न वर्गमाथि सबै प्रकारको शोषण रहेको हुन्छ ।

फुकोले विमर्शात्मक संरचनासम्बन्धी धारणा प्रस्तुत गर्दै यसलाई भाषिक व्यवहारका सन्दर्भबाट अध्ययन गरेका छन् । विमर्शले भाषा र अभ्यास दुवैलाई एकत्व गर्छ र भाषाका माध्यमबाट भौतिक विषय र सामाजिक अभ्यासका आधारमा ज्ञानको उत्पादन गर्छ । वर्गीय हिसाबले उच्च वर्गले राष्ट्रिय लोकप्रिय प्रभुत्वको पक्षमा रहेको सङ्कीर्ण आर्थिक-कर्पोरेट स्वार्थमाथि विजय गराउन आफ्नो विचारधारा प्रवाहित गर्छ । विचारधाराले हेजेमोनिक र काउन्टर-हेजेमोनिक ब्लकहरूको निर्माणमा सामाजिक सिमेन्टको रूपमा काम गर्दछ । पुँजीवादी वर्गचरित्रको मान्यताअनुसार मानिसमा निहित सामान्य ज्ञान वैचारिक सङ्घर्षको सबैभन्दा महत्त्वपूर्ण स्थल हो । फुकोका दृष्टिमा भाषाको विकास र अर्थको उत्पादन निश्चित भौतिक र ऐतिहासिक अवस्थामा आधारित हुन्छ र यही निश्चित र निर्धारित ऐतिहासिक अवस्थामा निश्चित प्रकारको विमर्शको निर्माण हुन्छ । विमर्शले भाषा र अभ्यास दुवैलाई एकत्व गर्छ र भाषाका माध्यमबाट भौतिक विषय र सामाजिक अभ्यासका आधारमा ज्ञानको उत्पादन गर्दछ (Barker, 2016, p. 76) । विमर्शले ज्ञानलाई परिभाषित र उत्पादन पनि गर्छ । मानवीय भाषिक व्यवहार र सामाजिक व्यवहारका बौद्धिक, तार्किक, अभ्यास, ज्ञानात्मक स्वरूप, भाषिक व्यवहार, विचार, मान्यता आदि विविध क्रियाकलापहरूले समाजमा एक प्रकारको विमर्श निर्माण गर्छन् भन्ने मान्यता फुकोको छ । फुकोका विचारमा सत्यको स्वरूप कहिल्यै सार्वभौमिक हुँदैन र यो सदैव आंशिक, स्थानीय र परिवर्तनशील हुन्छ । फुकोले ज्ञान, विमर्श र सत्तालाई आधुनिक समाजको निर्माणको आधारभूत पक्ष मानेका छन् र उत्तरआधुनिक समाजको ज्ञान र सत्ताको स्वरूप केन्द्रीकृत नभई विकेन्द्रित छ भन्ने स्वीकार गरेका छन् (Faucult, 1980, p. 249) । मनुष्यको शरीर पनि सत्ताकेन्द्र हो र सत्ता व्यक्तिपरक हुने हुँदा सत्ताको अध्ययन सार्वभौमिक वा राज्यमा मात्र नभई स्थानीय स्तरमा पनि हुन्छ । जोसँग ज्ञान छ, त्यो शक्तिशाली हुन्छ । उत्तरआधुनिक युगमा जोसँग ज्ञानात्मक सत्ता छ । त्यसले नै सबैलाई अधीन गर्दछ भन्ने मान्यता फुकोको छ । सत्ताको अस्तित्व बलशाली भए पनि स्थानीय सत्ता नै ज्ञानको अवस्था हो । फुकोले ज्ञान र सत्तालाई परिवार, वर्ग, जाति, लिङ्ग र समुदायगत सम्बन्धसम्म पुऱ्याएका छन् (Faucult, 1980, p. 124) । परम्परागत अर्थमा सत्ता थोपरिने प्रक्रिया हो भने फुकोका अर्थमा यो अभ्यास हो । त्यसैले यो दमनकारी वा हिंसात्मक हुनुपर्छ भन्ने जरुरी छैन बरु यो उत्पादक हुन सक्छ । सत्ता केन्द्रीय स्रोत मात्र होइन बरु तलबाट निर्माण हुने प्रक्रिया हो ।

फुकोका अनुसार मानिस दमनकारी र दमित दुवै छन् । मानिसमा प्राप्त ज्ञान र शक्तिसम्बन्धले सबै वर्ग, जाति, लिङ्ग, अवधारणा, विचार, मान्यता जस्ता सामाजिक अस्तित्वका तहहरूमा काम गरिरहेका हुन्छन्, चाहे त्यो वर्ग, परिवार वा यौनिकता जस्तो निजी क्षेत्रमा होस् चाहे राजनीति, अर्थतन्त्र र कानुन जस्ता सार्वजनिक क्षेत्रमा होस् (Faucult, 1980, p. 119) । यसरी फुकोले सत्ताविमर्शबाट सबै कुराको प्रतिनिधित्व हुने कुरा उल्लेख गरेका छन् । फुकोका विचारमा शक्ति एउटा क्षमता वा वस्तु होइन जो कुनै व्यक्ति वा संस्थामा निहित हुन्छ । यो त व्यक्तिहरूबिचको सम्बन्धको परिणाम मात्र हो र यसको अस्तित्व त्यतिबेला मात्र हुन्छ जतिबेला यसको अभ्यास गरिन्छ (पौडेल, २०७०, पृ. ९४) । यसरी समाजमा शक्तिको प्रयोगको अवस्था एउटा पिरामिड जस्तै तलसम्म प्रवाहित भइरहन्छ भन्ने मान्यता देखिन्छ । यस प्रकार फुकोको ज्ञान र सत्तासँगको सम्बन्ध विश्लेषण परम्परागत सत्ताभन्दा भिन्न भएको निष्कर्ष छ । उनका दृष्टिमा सत्ता परम्पराभिन्न छ र ज्ञान नै सत्ता हो । त्यसैले राज्यसँग नभएर व्यक्तिसँग नै सत्ता हुन्छ । यस्तो सत्ताले सत्यको निर्माण गर्छ र सत्ता र दमनबाट नै विषयहरू सञ्चालित हुन्छन् ।

मिल्सले संयुक्त राज्यमा रहेका कुलीनहरूको शक्ति संरचनाहरूको विश्लेषण गरेका छन् । उनले राजनीतिक, आर्थिक र सैन्य अभिजात वर्गहरूबीचको अन्तरसम्बन्ध अध्ययन गरेका छन् । मिल्सका अनुसार शक्ति अभिजात वर्ग ती हुन् जसले प्रभुत्वशाली देशको तीन स्तम्भ संस्थाहरू (राज्य सुरक्षा, आर्थिक र राजनीतिक) मा प्रमुख पदहरू ओगटेका हुन्छन् । अभिजात वर्गका निर्णयहरूले परम्परागत कृषि र शिल्प अर्थतन्त्रलाई प्रतिस्थापन गरेको हुन्छ । उनीहरूले शक्ति एकीकृत गर्दै प्रत्येक सामाजिक संरचनाको प्रत्येक एकाइमा प्रवेश गरी नोकरशाही तन्त्र लाद्ने काम गर्छन् । निम्न वर्गमाथि राजनीतिक, आर्थिक र सैन्य प्रतिष्ठान सबै क्षेत्रमा दमनको डन्डा बर्साउँछन् (Mills, 1956, p. 5,7) । लुक्सले शक्तिका तीन आयामहरू प्रस्तुत गरेका छन् र ती हुन् : निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति, र वैचारिक शक्ति । निर्णय गर्ने शक्ति सार्वजनिक हो । यो राजनीतिक कार्य मार्फत प्रकट हुने नीति प्राथमिकताहरूमा केन्द्रित छ । गैर-निर्णय गर्ने शक्ति त्यो हो जसले बहसहरूमा एजेन्डा सेट गर्दछ र निश्चित मुद्दाहरूको वैधता सार्वजनिक फोरमहरूमा छलफलका लागि अस्वीकार्य बनाउँछ । वैचारिक शक्तिले मानिसहरूको इच्छा र विचारहरूलाई प्रभाव पार्न अनुमति दिन्छ । यसरी लुक्सका अनुसार निर्णय गर्ने शक्ति, गैर-निर्णय शक्ति र वैचारिक शक्तिका केन्द्रबाट वर्गीय सम्बन्धको खोजी गरिन्छ ।

सामाजिक संरचनामा हेर्दा समाजका विभिन्न जातिहरूबिचको शत्रुतापूर्ण, मित्रतापूर्ण, सन्तुलित र असन्तुलित सम्बन्धलाई जातीय शक्तिसम्बन्ध भनिन्छ । समाज विभिन्न जातजाति, आदिवासी र तिनीहरूको सामाजिक-सांस्कृतिक परम्पराहरूको एकीकृत रूप हो । सामाजिक वर्गीकरणमा सबै जातिहरूबीच समान किसिमको आर्थिक तथा सामाजिक अवस्था पाउन सकिदैन । जात वा प्रजातीय आधारमा नै सामाजिक प्रतिष्ठा, अवसर तथा स्रोतहरूमाथि नियन्त्रण गरेको देखिन्छ (आचार्य, २०६३, पृ. ३२५) । उच्च जात, निम्न जात, जनजाति, दलित आदि विभिन्न सामाजिक जातीय श्रेणीहरूका बिचमा आर्थिक उत्पादनका लागि खास प्रकारको शक्तिसम्बन्ध हुन्छ । जातीय व्यवस्था भएको समाजका कथित उच्च जाति र निम्न जातिबिचको सम्बन्ध वैरभावपूर्ण सम्बन्ध हुन्छ । समाजका निश्चित जाति, वर्ग, घराना जनाउने मानिसलाई माथिल्लो स्तरको मानिस मानिएको हुन्छ भने कुनैलाई तल्लो स्तरको मानिन्छ । समाजमा मानिसको आवास, खानपान, परिधान, शिक्षा, भूगोल, भाषा आदि दृष्टिबाट मानिसको स्तर निर्धारण भएको हुन्छ (पौड्याल, २०७६, पृ. ४८) । ज्ञान र शक्तिबाट विमुख गराएर, आर्थिक रूपमा माथि उठ्न नदिएर, आफूअनुकूल सामाजिक मूल्य खडा गरेर तथा शक्ति र श्रमलाई अवमूल्यन गरी निम्न वर्गलाई सधैँ समस्यामा पारेर कथित उच्च जातले निम्न जात र जनजातिका मानिसमाथि अन्याय, अत्याचार, शोषण र दमन गरेको हुन्छ । त्यसैले शक्ति भन्नासाथ ज्ञान आउँछ, ज्ञान भन्नासाथ शक्ति यी दुईमध्ये एकले अर्कोलाई डोऱ्याएको हुन्छ (गौतम, २०७१, पृ.११६) । जातीय शक्तिसम्बन्धअन्तर्गत समाजमा कथित उच्च जातद्वारा निम्न जात र जनजाति के, कुन, कति, कसरी र कस्तो अवस्थामा सधैँ शोषित, दमित, निमुखो र उत्पीडित बनाइन्छ भन्ने कुराको विश्लेषण गरिन्छ (Beteille, 1996, p. 221) । यसरी जातीय शक्तिसम्बन्धमा सत्ता र दमन, सत्ता र प्रतिरोध, सत्ता र लैङ्गिकता, सत्ता र ज्ञान तथा सत्ता र विचारधारा जस्ता कृतिमा प्रस्तुत पक्षको खोजी र विश्लेषण गरिन्छ । समग्रतः यस अध्ययनमा शक्तिसम्बन्धसम्बन्धी अवधारणाका आधारमा *नयाँ सडकको गीत* कथासङ्ग्रहमा रहेको 'वीरेकी आमा' कथामा अभिव्यक्त जातीय शक्तिसम्बन्धको वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

## ३. वीरेकी आमा कथामा जातीय शक्तिसम्बन्धका विविध स्वरूप

प्रस्तुत लेखमा *नयाँ सडकको गीत* (२०१९) कथासङ्ग्रहमा सङ्कलित 'वीरेकी आमा' कथामा प्रस्तुत उच्च जात र निम्न जातबिचको अमानवीय, असन्तुलित, शत्रुतापूर्ण र परस्पर विरोधी जातीय शक्तिसम्बन्धको खोजी र विश्लेषण गरिएको छ । जातीय असमानता, कथित उच्च जातीय सामन्तवादी वर्चस्व र अधीनस्थता, कथित निम्न जातीय दीनहीनता र पुँजीवादी चरित्रका कारण उत्पीडित निम्न जात/वर्गका समुदायले भोग्नुपरेका सास्ती तथा त्यसबाट उत्पन्न कारुणिक जीवनदशालाई प्रस्तुत लेखमा निष्कर्षका रूपमा उल्लेख गरिएको छ । यसमा तत्कालीन विमर्शात्मक संरचनायुक्त सामन्ती समाजमा कुनै पनि शक्तिका स्रोतबाट वञ्चित, उपेक्षित र अधीनस्थ निम्न जातीय/वर्गीय उत्पीडित समुदायको प्रतिनिधित्व गराइएको छ । यस लेखमा सोद्देश्य नमुना छनोट गरिएको 'वीरेकी आमा' कथामा निहित जातीय शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । यस क्रममा शक्तिसम्बन्धका विविध स्वरूपमध्ये जातीय शक्तिसम्बन्ध, जातीय विभेद र जातीय शोषण, दमन र उत्पीडनका कोणबाट विश्लेषण गरिएको छ ।

### ३.१ जातीय सम्बन्ध

रमेश विकलको *नयाँ सडकको गीत* (२०१९) कथासङ्ग्रहमा सङ्गृहीत 'वीरेकी आमा' कथा २०१८ आसपासको तत्कालीन नेपाली समाजमा विद्यमान अन्तर्जातीय सम्बन्ध र त्यसले समाजमा पारेको नकारात्मक प्रभावलाई प्रस्तुत गरिएको छ । यस कथामा वर्णवादी समाजको माथिल्लो जात मानिने ब्राह्मण र तल्लो जात मानिने दलितबिचको श्रेणीक्रममा आधारित जातीय शक्तिसम्बन्ध देखाइएको छ । यो सम्बन्ध पेसा, कर्म वा परिवर्तन पनि हुन सक्ने वर्गमा आधारित सम्बन्ध नभई वंशगत रूपमा नै निर्मित दलित र कथित उच्च जातीय मानिसबिचको सम्बन्ध हो । यही सम्बन्धका आधारमा कथामा उच्च जातीय भनिएका ब्राह्मण घिमिरे, राजदल, बाहुन माहिला बाजे तथा निम्न जातिकी भनिएकी दलित नैकिनी जातिको उपस्थिति रहेको छ । यस कथामा वर्ण जातिव्यवस्थाले सिर्जना गरेको शत्रुता, द्वेष, रिस, उपेक्षा तथा तिरस्कारजन्य जातिगत सम्बन्ध रहेको देखिन्छ । यहाँ बाहुन बाजे भनिने ब्राह्मण जाति र दलित भनिएकी नैकिनी (वीरेकी आमा) का बिचको जातिगत सम्बन्धमा पाइने दुःख, पीडा, अपमान, तिरस्कार, दासत्व, आश्रित, हेला तथा जातिगत बोध आदिका रूपमा अभिव्यक्त भएको पाइन्छ ।

प्रस्तुत कथामा निम्न जाति तथा निम्न वर्गकी गरिब दलित नैकिनी वीरेकी आमा तत्कालीन समाजमा उच्च जातिका भनिएका बाहुनहरूका घरमा ढिकीजाँतो गरेर, लुगाकपडा धोइदिएर र भोकभोकै अहोरात्र काममा जोतिएर जीविका गर्ने अत्यन्तै दुःखी र उत्पीडित पात्रका रूपमा देखा पर्दछे । उसले उच्च जातिका बाहुनहरूकहाँ भोकप्यास नभनी नोकरसरह काम गर्दा पनि श्रमको उचित मूल्य पाएकी छैन । खान नपाएरै अभावैअभावमा उसले मृत्युवरण गर्नुपरेको छ । उसको मृत्युलाई उच्च जातिका मानिएका ऊप्रति शोषण गर्नेहरूले केवल मूकदर्शक भएर मात्र हेरेका छन् । यस कथामा उच्च जातिका बाहुनहरूकहाँ घरमा रातदिन घोटिएर काम गरिदिने वीरेकी आमा नैकिनीप्रतिको अपमान, तिरस्कार र दलनले ग्रामीण समाजको उत्पीडक र उत्पीडित जातीय अन्तर्सम्बन्धलाई प्रस्तुत गरेको छ । नैकिनीप्रतिको अपमान र तिरस्कार यस कथामा कथित उच्च जातीय 'म' ले यसरी प्रस्तुत गरेको छ : "जाबी वीरेकी आमा मरेको कुरा सुनाएर ... न कुनै नामकी, न कुनै इज्जतकी, गाउँघरमा अर्काको ढिकीजाँतो गरेर पेट पाल्ने एउटी जाबी" (पृ. ५२) । यस कथांशबाट 'म' पात्रको अभिव्यक्तिले दलित र कथित उच्च जातिबीचको तिरस्कारपूर्ण, अपमानजनक, उत्पीडनपूर्ण र उपेक्षापूर्ण विभेदगत जातीय सम्बन्धलाई प्रस्तुत गरेको देखिन्छ । यहाँ आफ्नै छिमेकीको दुःखद अन्त्यले कथित उच्च जातीय 'म' पात्रलाई रतिभर छोएको छैन । उसको मृत्युलाई पशुसरह पनि ठानिएको छैन । ढिकी जाँतो गरेर पेट पाल्नुपर्ने बाध्यतामा पिल्सिएकी वीरेकी

आमा हेलाकी पात्र मात्र नभई महत्त्वहीन वस्तु ठानिएकी छ । तत्कालीन सामन्तवादी समाजका सबै रीत र विधानहरू जातिका आधारमा निर्मित र विकसित भएको देखिन्छ । यहाँ वीरेकी आमा पिपाको नाइकेकी श्रीमती नैकिनी हो । ऊ कथित सानो र अछुत जातकी अबला महिला हो । तत्कालीन समाजको ज्ञान र शक्ति दुवै कथित उच्च जातका पक्षमा रहेकाले समाजमा कथित निम्न जातिकी उसको कुनै नाम र इज्जत नभएको र घृणाकी पात्र मात्र भएको देखिन्छ ।

जातीय समस्याको केन्द्रमा सिर्जित प्रस्तुत कथामा सामन्तवादद्वारा सिर्जित र विकसित कथित उच्च जातीय वर्चस्वको चित्रण गर्दै मनुष्यमाथि मनुष्यले गर्ने शोषण, दमन, दलन, उत्पीडन, भेदभाव र अमानवीय क्रूर सामाजिक व्यवहार विद्यमान रहेको अवस्था चित्रण गरिएको छ । जातीय विभेदमा सञ्चालित सामाजिक संरचनामा निम्न जातका दलित भनिनेहरू समाजमा न्यूनतम मानवीय व्यवहारबाट पनि वञ्चित हुनुपर्ने अवस्था देखिन्छ । समाजका उच्च जात भनिनेहरू सबैका घरेलु समस्या पार लगाइदिने वीरेकी आमा उनीहरूका नजरमा मानिस नभएर मेसिन थिई । “तैपनि गाउँका ठूलाबडाका आँखामा ऊ मानिस थिइन, मिसिन थिई एउटा मिसिन” (पृ. ५७) भनेर उसप्रति ठूलाबडाबाट भएको पेलाइलाई चित्रण गरिएको छ । वीरेकी आमा निम्न वर्ग र जातकी भएकैले उसलाई सबैले काममा जोत्नुपर्छ भन्ने ठानेका हुन् । ऊ चौबीसै घण्टा ठूलाबडाका काममा जोतिन्छे । उसलाई मानिसको स्थानबाट औजारका रूपमा समाजले हेरेको थियो । मानव भए तापनि ऊप्रति न्यूनतम सामाजिक दायित्व र मानवीय व्यवहार प्रदर्शित नहुनुले कथामा शोषक र शोषितबीचको जातीय सम्बन्धलाई देखाइएको छ । यस खालको सम्बन्धले तत्कालीन नेपाली समाजमा व्याप्त रहेको जातिभेद र धर्मभेदको अवस्था प्रस्तुत गरेको छ ।

प्रस्तुत कथामा वीरेकी आमाको जीवनको उत्पीडनको मूल कारक तत्कालीन नेपाली समाजमा रहेको जातीय र वर्गीय सम्बन्ध र समस्या हो । यस कथामा वीरेकी आमाको परिचय कथित सानो जातका रूपमा मात्र प्रस्तुत छ तर मानिसका रूपमा उसको पहिचान भएको देखिँदैन । धान कुट्ने, लुगा धुने, भाँडा माझ्ने, बच्चालाई सेकताप गर्ने, दुध खुवाउने जस्ता सारा काम गरेर पनि ऊ ठूलाबडा कथित उच्च जातिका मानिसहरूका आँखामा मानिस बन्न सकिन, केवल जात मात्र रहेकी छे । मानिसका रूपमा कहिल्यै उसको पहिचान स्थापित भएको छैन । उसका बारेमा “ठूलाबडाका आँखामा उसको जात पनि छैन- मान्छेको जात ! सबैलाई उसले मान्छे बनाएकी थिई रे, तर उसले बनाएको मान्छे आज ठूला जातका थिए, ऊ सानो जात । वास्तवमा समाजको आँखामा आज ऊ मान्छे नभएर जात थिई केवल जात” (पृ. ६०) भनिएको छ । यसरी जातीय विद्वेष र विभेदको संस्कारबाट वीरेकी आमा ग्रस्त छे । उसले आफू मानव भएको आभाससम्म गर्न पाएकी छैन । यसरी यस कथामा तत्कालीन अवस्थामा कथित उच्च जातले निम्न जातका मानिसलाई सीमान्तीकृत अवस्थाको ज्यादै कष्टप्रद जीवन भोग्न बाध्य बनाएको सन्दर्भ वर्णित छ । उच्च जातले निम्न जातको पहिचान नमान्ने, उनीहरूको इज्जत नदेख्ने, उनीहरूप्रति न्यूनतम मानवीय व्यवहार नगर्ने, रातोदिन श्रमशोषण गरिरहने तथा निम्न जातिका मानिसहरूलाई शारीरिक र मानसिक उत्पीडनमा पारिरहने जस्ता कार्यबाट यस कथामा उत्पीडक र उत्पीडित तथा कथित उच्च जातिका मानिस र कथित निम्न जातिका दलितबीचको विरोधाभासपूर्ण, अपमानपूर्ण र शत्रुतापूर्ण सम्बन्धबारे स्पष्ट भएको छ ।

तत्कालीन नेपाली ग्रामीण समाजको हिन्दू धर्ममा आधारित वर्णवादी सम्बन्ध र अधिरचनागत सम्बन्धमा रहेको उच्चवर्गीय सम्बन्धलाई प्रस्तुत गरिएको यस कथामा दलितले ठूलाबडाका सामु बाटामा हिड्दा पनि खुम्चिनुपर्ने बाध्यकारी हेपाहा अवस्थाको चित्रण छ । “लुते कुकुरनी जस्तो लिप्सिक्क भित्तामा लेस्सिएर गाउँका भलो आदमी, ठूलाबडाको निम्ति सिङ्गै बाटो छोडिदिन्थी । ठूलाबडाहरू त्यै उसले छोडेको बाटोबाट छाती फुकाउँदै अगाडि बढ्थे” (पृ. ५६) भन्ने

कथांशबाट यस कुराको पुष्टि हुन्छ । प्रस्तुत कथांशबाट कथित सानो जातले हिँड्दा बाटो छाड्नुपर्ने परम्परा नेपाली समाजको पुरानो जातीय प्रथाकै रूपमा रहेको देखिन्छ । यहाँ कथित उच्च जातले प्रयोग गर्ने बाटोसमेत कथित दलितका लागि निषेधित छ । ठूलाबडाका अगाडि वीरेकी आमा निम्न जात भएकै कारण उसले तर्किई बाटो छोडिदिनुपरेको छ । यसरी दलित/निम्न जातिको जीवनको त्रासद, दुःखद र दयनीय पक्षको चित्रण गर्दै कथाकारले दलित र उच्च जात भनिने मानिससँगको सम्बन्ध देखाएका छन् । यस सम्बन्धमा दलितका आकाङ्क्षा, जीवनमूल्य र मानवीय संवेदना पनि प्रस्तुत गरिएको छ । यस कथामा मोरो, मोरी, जाबी, जैरी, नैकिनी आदि जस्ता नामबाट निम्नवर्गीय दलितलाई सम्बोधन गरिएको छ भने माहिला बाजे, काठा, बिस्ट, घिमिरे, राजदल आदि शब्दहरू दलितहरूले उच्च जातका लागि प्रयोग गरिने शब्दको प्रयोग गरिएको छ । यसरी दलितहरू र कथित उच्च जातले बोल्ने उक्त शब्दयुक्त संवादले नेपाली ग्रामीण समाजको निम्नवर्गीय कथित दलित र उच्चवर्गीय कथित उच्च जातिबिचको बोलचालको परम्पराको प्रतिनिधित्व गरेको देखिन्छ ।

## ३.२ जातीय विभेद

'वीरेकी आमा' कथामा हिन्दू वर्णाश्रम व्यवस्थामा पाइने जातीय विभेदको चित्रण गरिएको छ । नेपाली समाजमा तल्लो जातिका भनिने दलितहरू फोहोरी, श्रमिक, असभ्य, नोकर, दास, असुन्दर र छिछि र दुर्दुर् गर्ने खालका हुनुपर्ने तर उच्च जातिका भनिनेहरू सभ्य, सफा, सुन्दर, शिक्षित हुने परम्परागत विभेदजन्य विचारधारा यस कथामा अगाडि सारिएको छ । यहाँ वीरेकी आमा उच्च जातिकी वनबालाका तुलनामा फोहोरी, टाटैटाटा र दागैदाग भएकी छे । मानिस जन्मजात रूपमा सफा र फोहोरी नभई व्यवहारका आधारमा हुने कुरा हो तर जातीय विभेदकै कारणले दलित/पानी अचल र हुनासाथ वीरेकी आमा कुरूप, थाङ्नी र छिछि तथा दुर्दुर्युक्त भएकी छे । जातीय विभेदबाट ग्रसित सामाजिक संरचनाभित्र सुन्दरता पनि जातिसापेक्ष भएको देखिन्छ । कथित उच्च जातीय वनबालाको सुन्दरताका तुलनामा कथित निम्न जातिकी वीरेकी आमाको अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> ...उसको सम्पूर्ण व्यक्तित्व नै दैत्य दरिद्रताको जीवनग्रासी नालामा मुछिएझैँ फोहोर, मैलो र कुरूप देखिन्थ्यो । (पृ. ५४) "प्वालैप्वाल परेको चोलो र धरैधरा परेको धोतीभित्रबाट च्याउने उसका टाटैटाटा र दागैदाग भएका तिघ्रा, पाखुरा, छाती, आङ । छिः छिः छिः छिः ...(पृ. ५४) ...अनि ऊ आफ्नो धुलो र पसिनामा लटपटिएर जिङ्ग्रिङ्ग परेको, अनुहारको आधी भाग छोपेको लट्टे कपाललाई दाहिने हातले पन्छाउँथी । (पृ. ५६)

यहाँ दरिद्रता, फोहोरमैला, पसिना र धुलोको लिसो परेको दुर्गन्ध हुनु, प्वालैप्वाल परेको चोलो तथा धरैधरा भएको धोती बेर्नु वीरेकी आमाको रहर नभई बाध्यता हो । निम्नवर्गीय मानिस जति मिहिनेत र श्रम गर्दा पनि उच्च वर्गको दमन र विभेदबाट माथि उठ्न नसक्ने तथ्यलाई यस कथांशले प्रस्ट पारेको छ । राम्रो लगाउने, मिठो खाने, सफासुग्घर हुने सबै सकारात्मक पक्षको हिस्सेदार कथित उच्च जात मात्र हुने र यी कुराबाट वञ्चित हुनुपर्ने निम्न जातिको परिस्थिति जातीय विभेदका आधारमा निर्मित दुष्चक्रको परिणति हो । यसरी सामाजिक व्यवहारका हरेक पक्षमा दलितमाथि विभेद गरिएको अवस्थाको चित्रण यस कथामा छ ।

निम्न जातप्रतिको सामाजिक जबाफदेहिता कुनै उच्च जातले वहन गर्नु नपर्ने विमर्श तत्कालीन समाजमा विद्यमान रहेको देखिन्छ । निम्न जातिका मानिसलाई उच्च जातिका मानिसले आफ्नो स्वार्थअनुकूल फुर्सदै नदिई काममा घोट्ने तर बिरामी परेका बेलामा हेर्नसम्म नहेर्ने कथित सामन्ती उच्च जातीय अहम्बाट वीरेकी आमाले यो संसार छाड्नुपरेको छ ।

यस कथामा उसको अवस्था यसरी प्रस्तुत गरिएको छ : "बिचरी घलेको मेला गएकी रे, खाजा खाने बेलादेखि नै पखाला चल्न थालिहालेछ । बिचरी हिजो रातभर, आज दिनभर, अघि साँझ त मरिहाली । न एक पैसाको ओखती देख्न पाई, न कुनै गाउँले झारपात नै सुँघ्न पाई" (पृ. ५३) । घलेको मेलापात गर्दा अस्वस्थ्य भएकी वीरेकी आमालाई कथित उच्च जातीय अहङ्कारकै परिणतिस्वरूप घलेले उपचारमा बेवास्ता गरेको छ । जातीय विभेदकै कारण उसको स्वास्थ्यप्रति घलेले चासो राखेको छैन । झाडापखाला लाग्दा कुनै औषधी वा जडिबुटी नपाउनु जातीय विभेद नै हो । उच्च मानिएको जातिले निम्न जाति मानिएकालाई छुन नहुने तत्कालीन सामाजिक कुसंस्कार र कुप्रथाका कारण वीरेकी आमाले अकाल मृत्युवरण गर्नुपरेको हो ।

समाज, सत्ता र शक्तिका आडमा कथित निम्न जातिमाथि कथित उच्च जातिले गरेको विभेदकै कारण समाजमा जातीय विषयमता देखिएको अवस्थाको यस कथामा प्रतिनिधित्व गराइएको छ । जातीय विभेदका आधारमा सञ्चालित समाजमा निम्न जातको प्रतिरोधी व्यवहार उच्च जातका लागि हाँसोको विषय बन्छ (कोइराला, २०७३, पृ. ६३) । आफूमाथिको अन्याय र अत्याचार बुझेर वीरेकी आमा "धनी भएँ भनेर होला ... मर्न नसकेको कात्तिके; हिजो बेलुकी पेट दुखेर सञ्चो भएन, ज्वरो पनि आयो", ... सक्तिनँ भन्दा पनि कर लाएर धान कुट्न गएँ, आधा माना चामल दिएको पनि कनिकाको मियैमिया" (पृ. ५६) भनेर फलाक्दै हिँड्छे । आफू बिरामी भएर आराम पनि गर्न नपाई उच्च जातिकै सेवामा तल्लीन हुनुपरेको अवस्थाबाट उच्च जाति भनिएकाबाट निम्न जातिको भनिएकी वीरेकी आमा कतिसम्म चरम जातीय विभेदको सिकार भएकी थिई भन्ने प्रस्ट हुन्छ । सके पनि र नसके पनि काम गर्नैपर्ने बाध्यताको घेरामा जकडिएर पनि वीरेकी आमाले श्रमको उचित मूल्य पाएकी छैन । तत्कालीन समाजमा निम्नवर्गीय र निम्न जातीय श्रमिकहरूको ज्याला निर्धारण पनि कथित उच्च जातीय साहुहरूको इच्छामा भर पर्ने गरेको देखिन्छ ।

जातकै आधारमा मानिस मानिसका बीचमा विभेद गर्ने उच्च जातीय अहम् र अहङ्कारबाट नै निम्न जात सधैँ अधीनस्थ रहन्छ । उच्च जातले निम्न जातलाई आफ्नो स्वार्थका लागि बाँचुन्जेल चरम शोषण र उपभोग गर्छ तर मरेपछि छुनसमेत घृणा गर्छ । यस कथामा वीरेकी आमा सबैका घरमा गएर धान कुट्ने, भाँडा माझ्ने, मेलापात गर्ने आदि सम्पूर्ण काम गर्छे । कथित उच्च जातलाई उसका कामको प्रतिफल खान आनन्द नै आइराखेको छ तर उसको मृत्यु भएपछि उसको लास कसैले पनि छुने हिम्मत गर्दैन । यस कथामा उसको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ : "हेर अब त्यो बिचरीको दुर्गति ! एकातिर छोरा मोराको अत्तोपत्तो छैन, न भोट छ न मधेस छ, अर्कोतिर आफ्नो इष्टमित्र कोही छैन । अब त्यो सिनो कतिन्जेल मझेरीमा सड्ने हो । गाउँका ठूला जातले छुन जानुभएन, के गर्ने ? ऊसँग अहिले केही जेथा हुँदो हो त चारैतिरबाट नाता छोप्दै..." (पृ. ६०) । वीरेकी आमाले आजीवन गाउँका उच्च जातिहरूकै सेवा गरी । अन्त्यमा तल्लो जात र गरिब भएकै कारण उसका कोही इष्टमित्र भएनन् । उसको श्रम लुटुन्जेल छोरो वीरे नखोज्ने समाजले लासको दाहसंस्कार गर्न भने छोरो वीरे खोजेको छ । उच्च जातको हुनेले तल्लो जातको लास उठाउन नहुने विमर्श तत्कालीन समाजमा विद्यमान रहेको थियो । वीरेकी आमासँग थोरैतिनो जेथो भएको भए स्वार्थका आँखा गाडिन्थे र उच्च जातिबाट नै भए पनि लास उठ्थ्यो । यहाँ उच्च जातले निम्न जातलाई मानिसको मूल्य नै दिएको देखिँदैन । यदि वीरेकी आमा उच्च जात र वर्गका आँखामा मानिस भएकी भए उसको लास मरेकै ठाउँमा सड्ने अवस्था आउने थिएन । प्रस्तुत कथाले छुवाछुतजन्य भेदभाव र वर्गव्यवस्थाको मात्र चित्रण गरेको छैन, कथित तल्लो जाति भनिने दलितले भोग्नुपरेको वञ्चितीकरण, सामाजिक वहिष्कार, अरू जातिसँगको जातीय भिन्नता, फरक स्थिति तथा गरिबीको चित्रण पनि गरेको छ । यसरी समाजमा श्रम शोषण गरी आर्थिक र सामाजिक रूपमा माथि उठ्न नदिने तत्कालीन कथित उच्च जातीय वर्चस्व र अहङ्कारका कारण कथित निम्न जातका मानिसहरू जीवनपर्यन्त निरीह भई विभेदमा परिरहनुपर्ने

कारुणिक अवस्था यस कथामा मर्मस्पर्शी बनेर प्रस्तुत भएको देखिन्छ । यसरी तत्कालीन नेपाली समाजमा विद्यमान उच्च जातको निम्न जातमाथि जातीय विभेदजन्य अमानवीय व्यवहारको सग्लो प्रतिनिधित्व यस कथामा गराइएको छ ।

## ३.३ जातीय शोषण, दमन र उत्पीडन

'वीरेकी आमा' कथामा तत्कालीन काठमाडौं उपत्यकाको सामाजिक परिवेशमा कथित दलितहरू उत्पीडनमा परेको देखाइएको छ । २०१८ सालको आसपासको नेपाली समाजमा विद्यमान अन्तर्जातीय शोषण र दमन तथा त्यसले सामाजिक संरचनामा पारेको प्रभावको चित्रण गरिएको प्रस्तुत कथामा कथित दलित भनिने वीरेकी आमाको कारुणिक जीवन भोगाइ र मृत्युको दुर्दान्त चित्रण गरिएको छ । उच्च जातिको वर्चस्व र हैकम भएको त्यस समाजमा निम्न जातिकी वीरेकी आमा सबैका घरकी सेविका थिई । उसले श्रमबिना कसैको केही खाएकी थिइन । ऊ गाउँका कथित उच्च जातको शोषणमा परेकी कुरालाई यी कथांशले पुष्टि गर्छन् : "बिचरी हजारै गरिब भए पनि कसैको कनिकाको गेडासम्म पनि सित्तै खाइन है, बरु गाउँभरिलाई रिन बोकाएर गई । यो गाउँमा त्यो बिचरीको पसिना नपचाउने पनि कुनै भएनन् । आफैंले पनि एकपटक धान कुटाएको ज्याला डेड माना चामल दिन सकिया थिएन" (पृ. ५५) । यसबाट अछुत मानिने वीरेकी आमा गाउँका उच्च वर्ग र जातबाट कतिसम्म शोषित र पीडित थिई भन्ने कुरा स्पष्ट हुन्छ । गाउँका उच्च जाति भनिनेहरू सबैले उसको पसिना र श्रमको शोषण गरेका थिए । ऊ कसैको सितैमा खाँदिनथी । उसको सेवाबाट सबै लाभान्वित भए तापनि ऊ नै तीव्र रूपमा जातीय उत्पीडनमा परेकी थिई । उसको योगदान तथा श्रमलाई कहिल्यै पनि उच्च जातले सकारात्मक रूपले हेरेको देखिँदैन । यसरी समाजको उच्च संरचनामा हैकम र प्रभुत्व कायम गरेर बसेका सामन्तहरूले दलितलाई पुस्तौँदेखि वंशगत रूपमा उत्पीडन र शोषणमा पारेको देखिन्छ ।

प्रस्तुत कथामा कथित उच्च जातिको भनिने माइला बाजेबाट वीरेका आमा चरम श्रमशोषणमा परेकी छे । "त्यै माइलो काठो, गरिबमारा" (पृ. ५६) भन्दै ऊ भन्छे : "धनी भएँ भनेर होला... मर्न नसकेको कात्तिके, ... सक्तिनँ भन्दा पनि कर लाएर बिहान धान कुट्न गएँ, आधा माना चामल दिएको पनि कनिकाको मियैमियाँ ! मर्न नसकेको काठो !" (पृ. ५६) । यस कथांशबाट निम्न जात भएकैले वीरेकी आमाले उच्च जातिको माइला बाजेबाट शोषित हुनुपरेको छ । माइला बाजेले बिनाज्यालामा काम लगाएको दुखेसो उसले पोखेकी छे । उच्च जातका अगाडि ऊ निरीह मात्र हुनुपरेको छैन, आफ्नो इच्छाविपरीत काममा जोतिनुपरेको छ । यसरी निम्न जातले उच्च जातको सेवा गर्नुपर्ने परम्परागत तत्कालीन सामाजिक विमर्शलाई स्थापित गर्दै वीरेकी आमाले माइला बाजेकहाँ धान कुट्न गएकी छ । खानसमेत लायक नभएको बियाँयुक्त आधा मानो कनिका मात्र ज्याला दिँदा पनि माइला बाजेको सामुन्ने उसले प्रतिवाद गर्न सकेकी छैन । परम्परागत उच्च जातीय चिन्तनका कारण ऊ दमित र शोषित भएकी हो । कथामा वीरेकी आमा उच्च जातिको सेवामा कतिसम्म तल्लीन र शोषित थिई भन्ने कुरालाई प्रस्तुत कथांशमा यसरी प्रस्तुत गरिएको छ : "गाउँभरिमा जसकहाँ जे परिआओस् वीरेकी आमाको टुप्लुक्क, बिचारी बाजेको कलमा जानुपर्‍यो, माइला बाजेकी बज्यै सुत्केरी भइन्, पण्डितनीको घरमा श्राद्ध पर्‍यो, अनि त वीरेकी आमाको सास फेर्ने फुर्सत छैन । ऊ नै सबै कामको निम्ति गाउँमा फाल्तु थिई" (पृ. ५७) । गाउँका सबै उच्च जातिका लुगा धुन, सुत्केरी सेकताप गर्न, श्राद्धमा सघाउनदेखि सबै काममा वीरेकी आमा नै अघि सरेकी छ । उसले आफ्ना लागि केही गर्न पाउँदिन । उच्च जाति भनिनेकै सेवामा उसको जीवन समर्पण भएको छ । भोकभोकै र ज्यानले थेग्न नसक्ने काम लगाएपछि कहिलेकाहीँ ऊ आजित हुन्छे र भन्छे : "भष्म खरानी होस् । पापी असत्ती काठो !... यत्रो डङ्गुर लुगा धुन लायो, छ्याँ आफ्नो पाखुरा दुःखेर अझसम्म !... दिउँसो खाजा खान पनि दिएन । एउटा घिरौँला टिपेको, त चोर्नी पो भन्यो" (पृ. ५७) । यसमा बिनाज्याला र बिनाखाजापानी

वीरेकी आमालाई काममा लगाएको र घिरौँला टिपेको निहुँमा चोरीको आरोप लगाएको छ । यहाँ वीरेकी आमा कथित उच्च जातको बाहुन (काठो) बाट शोषण, दमन र उत्पीडनमा परेकी छ । उसले साहुकहाँ भोकभोकै काम गर्नुपरेको छ । श्रमको मूल्य पाएकी छैन, उल्टै साहुबाट चोरीको आरोप सहनुपरेको छ । यी सबै घटनाक्रमलाई हेर्दा तत्कालीन विमर्शात्मक सामाजिक संरचनामा दलितहरू उच्च जातद्वारा हेप्ने, दमन गर्ने र अपमानित गर्ने कोटिमा मात्र थिए भन्ने कुराको पुष्टि हुन्छ । यसरी सामन्तवादी उच्च जातीय अहङ्कार र वर्चस्वको केन्द्रबिन्दुमा रहेको वर्णव्यवस्थाका कारण वीरेकी आमा जस्ता कथित निम्न जातिका दलितहरू शोषण, दमन र उत्पीडनमा परेको तथ्यलाई यस कथाले उजागर गरेको छ । यहाँ ऊ सांस्कृतिक, सामाजिक, शारीरिक र मानसिक रूपमा कथित उच्च जातबाट उत्पीडनमा परेकी छे । यस कथामा उसलाई मानवीय व्यवहार गरिएको देखिँदैन ।

जातलाई शक्तिको केन्द्र स्वीकार गरिएको सामाजिक विमर्शमा कथित उच्च जातले निम्न जातलाई शारीरिक, मानसिक तथा भौतिक सबै कोणबाट शोषण गर्दछ । निम्न जातका मानिसको जीवन कष्टप्रद र निरीह बनाउँदै उसको सिप र श्रमको भरपुर उपभोग उच्च जातका मानिसले गर्दछ । यस कथामा वीरेकी आमाको कथित उच्च जातिबाट भएको शोषित, दमित र उत्पीडित अवस्थालाई यसरी प्रस्तुत गरिएको छ : “कति निरीह प्राणी छ त्यो वीरेकी आमा, कति करुण जीवन उसको । ... सबैको काम गर्न र कामको साटो एक पेट माम पाउन ऊ जन्मेकी हो (पृ. ५९) । ...बिचरी जिन्दगीभर अर्काको घर चलाएर, गाली र आशीर्वादको संयुक्त वर्षाले समान रूपले सबैलाई रिझाएर आज ऊ गई” (पृ. ६०) । कथित उच्च जातले उसलाई श्रमको मूल्य बुझ्ने अवसर नदिई जीवनभर शोषण गरिरह्यो । समाजले जड वस्तुका रूपमा उसलाई सधैँभरि उपभोग गरिरह्यो र सधैँभरि उच्च जातको सेवकका रूपमा परिणत गरिदियो । यहाँ वीरेकी आमाले आफ्नो भविष्य तथा घरबारे कत्ति पनि सोच्न पाएकी छैन । उच्च जात भनिनेहरूको दास मानसिकताको सिकार ऊ सधैँ भइरही । यस प्रकार नेपाली समाजको तत्कालीन विमर्शात्मक संरचनामा जातीय प्रथा कति जबरजस्त रूपमा समाजमा विद्यमान थियो र त्यसबाट निम्न जातिका मानिसहरू कतिसम्म शोषित, पीडित, दमित र उत्पीडित थिए भन्ने कुरालाई प्रस्तुत कथाले राम्रोसँग चित्रण गरेको छ । यसमा निम्न जाति भनिएकाले उच्च जाति भनिएकाबाट पाएको प्रताडनालाई उपयुक्त विषय, पात्र चयन र परिवेशको प्रस्तुतिबाट प्रस्तुत गरिएको छ ।

## ४. निष्कर्ष

‘वीरेकी आमा’ कथामा तत्कालीन सामन्तवादी विमर्शात्मक सामाजिक संरचनामा कथित उच्च जातीय अहङ्कार र दम्भयुक्त अन्तरजातीय सामाजिक अन्तर्सम्बन्ध र त्यसले त्यस समाजमा पारेको प्रतिकूल प्रभावलाई देखाइएको छ । यस कथामा वर्णवादी समाजको माथिल्लो जात मानिने मानिस र तल्लो जात मानिने दलित (नैकिनी) का बिचको श्रेणीक्रममा आधारित जातीय अन्तर्सम्बन्धलाई प्रस्तुत गरिएको छ । यस कथामा वर्ण जातिव्यवस्थाले सिर्जना गरेको शत्रुता, रिस, उपेक्षा तथा तिरस्कारजन्य जातीय सम्बन्ध रहेको छ । यस कथामा कथित दलित नारी वीरेकी आमा बाहुनहरूका घरमा आइपरेका सम्पूर्ण काम गरिदिएर गुजारा गर्दै आएकी निम्नवर्गीय दलित नारी हो । उसले उच्च जातिकहाँ मेसिनसरह काम गर्नुपरे तापनि उचित श्रमको मूल्य पाएकी छैन । तत्कालीन नेपाली समाजमा विद्यमान वर्गीय र जातीय समस्याका कारण वीरेकी आमा जातीय विभेद, शोषण, दमन र उत्पीडनमा परेकी छे । समाजमा उसको लुगा धुने, सुत्केरी स्याहार गर्ने, भाँडा माझ्ने, श्राद्धमा सघाउने जस्ता कार्यहरू चलेका छन् तर ऊ मर्दा उसको लास छुन कसैले आँट गरेको छैन । यो तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनामा देखापरेको कथित उच्च जातबाट कथित निम्न जातप्रति गरिएको चरम अन्याय र अत्याचार हो । यसरी तत्कालीन असमान प्रकृतिको जातीय शक्तिसम्बन्धका कारण नै सामाजिक,

आर्थिक, शारीरिक र मानसिक दृष्टिकोणबाट वर्चस्वशाली कथित उच्च जातिका मानिसहरूबाट कथित दलितहरू शोषणको सिकार बन्नुपरेको तत्कालीन समाजमा विद्यमान असन्तुलित, अमानवीय र शत्रुतापूर्ण जातीय शक्तिसम्बन्धको तथ्य यस कथामा प्रस्तुत छ । वर्चस्वशाली, उच्चवर्गीय, पुरुषवादी र कथित उच्च जातीय प्रभुत्वको केन्द्रमा कथित निम्नवर्गीय र निम्न जातीय दलित तथा उत्पीडित महिला जाति पर्नुपरेको विषयलाई प्रतिनिधित्व गराइएको यस कथामा उच्च जातीय भनिएका घिमिरे, ब्राह्मण, बाहुन बाजेलगायतले उत्पीडक र निम्नवर्गीय र निम्न जातीय भनिएकी वीरेकी आमाले उत्पीडित दलित जातिका रूपमा प्रतिनिधित्व गरेको देखिन्छ । यसबाट तत्कालीन नेपाली सामन्ती समाजको विमर्शात्मक संरचनामा जातीय प्रथा समाजमा कुन हदसम्म विद्यमान थियो र त्यसबाट निम्न वर्ग र जातका भनिएका दलितहरू कुन हदसम्म शोषित, दमित र उत्पीडित थिए भन्ने तत्कालीन विद्यमान अन्तर्जातीय शक्तिसम्बन्धको विमर्शलाई प्रस्तुत कथामा राम्ररी देखाइएको छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, बलराम (२०६३), *सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,* काठमाडौँ : नेसनल बुक सेन्टर ।

कोइराला, नरेन्द्रप्रसाद (२०७३), *रमेश विकलका कथामा सीमान्तीयता,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गिरी, अमर (२०७०), 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', *भृकुटी,* १९, पृ. ११–४६ ।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्त,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

चैतन्य, (२०७०), 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', *भृकुटी,* १९, पृ. १४२–१६५ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन ।

पौडेल, रामचन्द्र (२०७०), 'मार्क्सवाद र उत्तरसंरचनावाद : एक तुलनात्मक विश्लेषण', *प्रवर्तक,* ३, पृ. ९२–९६ ।

पौड्याल, षडानन्द (२०७६), *आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी,* १९, पृ. ३३४-३६४ ।

विकल, रमेश (२०१९), *नयाँ सडकको गीत,* काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

Beteille, Andre (1996). *Caste, Class and Power* (3rd ed). New Delhi: Oxford University Press.

Barker, Chris (2016). *Cultural Studies : Theory and Practice* (5th ed.), London: Sage Publication.

Faucult, Michel (1977), *Discipline and Punish: The Birth of the Prison,* New York: Pantheon.

Faucult, Michel (1980), *Power/Knowledge*, New York: Pantheon.

Gramci, Antonio (1998). *Selections from the Prison Notebooks* (Indian Edition). (translated by Hoare and Geoffrey Nowell Smith). Hyderabad: Orient Longman.

Lukes, Steve (1974). *Power: A Radical View*. London: Macmillan Press.

Mills, C.Wright (1956). *The Power Elite.* New York: Oxford University Press.